अनुसूची - ६
(विनियम ११ को (२) सँग सम्बन्धित)

## कर्मचारी सञ्चय कोष

## विनियम ३ को उपविनियम (१) को (ख) अनुरुपका जग्गा/घरजग्गाको धितोमा आधारित सापटी प्रवाह प्रयोजनको लागि धितो लिन सकिने क्षेत्रहरु :

(१७) **मकवानपुर जिल्ला**

(१७.१) हेटौडा उपमहानगरपालिका :

(क) उपमहानगरपालिकाको वडा नं १ त्रिभुवन राजपथ देखि पश्चिम चौकिटोल सम्म सडकको दायाँबायाँ ५०० मिटरको क्षेत्र तथा पूर्व पश्चिम लोक मार्गको उत्तरतर्फ चाईना क्वाटर देखि चौकिटोलको सिमाना सम्मका क्षेत्र,

(ख) उपमहानगरपालिकाका वडा नं. २, ४, ५, ६, ७, ८, ९, १०, ११, १४ र १५ का क्षेत्र,

(ग) उपमहानगरपालिकाको वडा नं ३ को हकमा पूर्व पश्चिम लोकमार्गको उत्तरतर्फ १ किलो मिटर र दक्षिण तर्फ ५०० मिटर सम्मका क्षेत्र,

(घ) उपमहानगरपालिकाका वडा नं १२ र १३ को हकमा पदमपोखरी बजार जाने मूल बाटो हुँदै महेन्द्र मा.वि सम्म दाँया र बाँया १.५ किलो मिटर सम्मका क्षेत्र, पदमपोखरी बजार चोकबाट हाँडी खोलाजाने मूल बाटो हुदै पानतले चोक सम्म बाटोको उत्तर पूर्व तर्फको सिग्रेनी बजार जाने मुल बाटो सम्मका क्षेत्र, तथा पानतले चोक हुँदै सिग्रेनीजाने मूल बाटोको उत्तर र दक्षिण दुवै तर्फको १.५ किलो मिटर सम्मका क्षेत्र,

(ङ) उपमहानगरपालिकाका वडा नं १६, १७ र १८ को हकमा धरान चतरा मूलमार्गको उत्तरदक्षिण तर्फको १ कि.मि भित्रका क्षेत्र,

(च) उपमहानगरपालिकाको वडा नं १९ को हकमा बस्तीपुर देखि मनहरी गाँउपालिकाको मनहरी बजारसम्म महेन्द्र राजमार्गको उत्तर दक्षिण तर्फ ५०० मिटर सम्मका क्षेत्र ।

(१७.२) मनहरी गाउँपालिका :

(क) मनहरी बजार क्षेत्रभित्र महेन्द्र राजमार्गको उत्तर दक्षिण ५०० मिटर सम्मका क्षेत्र ।

(१७.३) बकैया गाउँपालिका :

(क) गाउँपालिको वडा नं. ५ अन्तर्गत पर्ने धरान चतरा मार्गमा तिनतले, राजदमार र श्रीपुर हुदै वडा नं. ४ को जुरेली, गरगटे तामाखोला हुदै के.सी. चोकसम्म सडकको दाँया बाँया ५०० मिटर सम्मका क्षेत्र र वडा नं.३ मा पर्ने प्रहरी चौकीबाट हात्तीसुडे बजार हुदै ज्ञानज्योती आधारभुत विद्यालयसम्मको राजमार्गको दायाँबायाँ ५०० मिटर सम्मका क्षेत्र ।

(१७.४) **भिमफेदी गाउँपालिका :**

(क) भिमफेदी बजारमा रहेको कुलेखानी सिस्नेरी फर्पिङ सडकमा पर्ने ईलाका प्रहरी कार्यालयदेखी भिमफेदी गणेश मन्दिरसम्म सडकको दक्षिणतर्फ २५० मिटर सम्मको क्षेत्र ।

(ख) भिमफेदी बजारमा रहेको ईलाका प्रहरी कार्यालय हुँदै कारागार रोडको ३०० मिटर दायाँबायाँ तथा  ब्यारेक रोडको ८०० मिटर दाँयाबाँयाको क्षेत्र ।

(१७.५) मकवानपुरगढी गाउँपालिका :

(क) गाउँपालिकाको २ नं. वडा कार्यालयबाट चुच्चेखोलासम्म मूल बाटोको दायाँबायाँ ३०० मिटर सम्मको क्षेत्र तथा सोही गाउँपालिका कार्यालयबाट शिखर कटेरी बजार क्षेत्रसम्म काठमाडौंतर्फ जाने कान्तिराजपथको पश्चिम तर्फ १०० मिटर भित्रको क्षेत्र ।

(ख) गाउँपालिकाको ३ नं वडा अन्तर्गत मकवानपुरगढी गाँउपालिका कार्यालयदेखि भानु माध्यामिक विद्यालय सम्मको बाटोमा जोडिएका क्षेत्रहरु ।

**(१८) चितवन जिल्ला**

(१८.१) भरतपुर महानगरपालिका :

(क) महानगरपालिकाको वडा न. १ को हकमा नारायणगढ मुग्लीन सडक खण्डको दक्षिणमा जगदम्बा आयल स्टोर देखि उत्तर तर्फ जगंल सिमाना सम्मको रामनगर बजार क्षेत्रमा पूर्व पश्चिम दुवैतर्फ ३०० मिटरसम्मका क्षेत्र,

(ख) महानगरपालिकाका वडा न. २ देखि २८ सम्मका क्षेत्र तर भिर खोला, घोल आदि भएको स्थानमा सोको किनारबाट ५० मिटर छाडि बाँकी क्षेत्र र नारायणी नदीको किनारको हकमा ५०० मिटर र राष्ट्रिय निकुञ्जको हकमा ३०० मिटर बाहेकका क्षेत्र ।

(१८.२) रत्ननगर नगरपालिका :

(क) नगरपालिकाका सम्पूर्ण वडाका क्षेत्र ।

(१८.३) खैरहनी नगरपालिका :

(क) नगरपालिकाका वडा नं १, २, ५, ६, ७, ८, ९, १०, ११, १२, १३ का क्षेत्र ।

(ख) नगरपालिकाको वडा नं. ३ को सम्पूर्ण क्षेत्र ।

(ग) नगरपालिकाको वडा नं. ४ को सम्पूर्ण क्षेत्र ।

(घ) नगरपालिकाको वडा नं १० का शान्तीबजार र कठार बजार क्षेत्र ।

(१८.४) कालिका नगरपालिका :

(क) नगरपालिकाको वडा नं १ को गडुवा चोकबाट वडा नं ६ सम्मका क्षेत्र,

(ख) नगरपालिकाको वडा नं. ७ को सम्पूर्ण क्षेत्र ।

(ग) नगरपालिकाको वडा नं. ८ अन्तर्गत राष्ट्रिय आधारभूत विद्यालयदेखी फुयाँल चोकसम्म न्युरेनी रोडको दाँयाबाँया ३०० मिटर सम्मको क्षेत्र ।

(१८.५) रासि नगरपालिका :

(क) नगरपालिकाका वडा नं ७ र ८ मा पर्ने बजार क्षेत्र,

(ख) नगरपालिकाका वडा नं १,२,३,४,५,६ को हकमा वडा नं १ को पिप्ले चोक, राष्ट्रिय मा.वि.महादेवटारबाट वडा नं ६ को सिमानासम्म दक्षिण तर्फ २०० मिटर र उत्तर तर्फ ५०० मिटरसम्मका क्षेत्र,

(ग) भण्डारा बजारबाट खैरहनी सिमाना सम्मको उत्तर तर्फ को क्षेत्रमा पूर्व पश्चिम राजमार्गबाट उत्तराखण्ड सडक बिचका क्षेत्र ।

**(१९) बारा जिल्ला**

(१९.१) जितपुर सिमरा उप महानगरपालिका :

(क) अमलेखगञ्ज : पूर्व – पश्चिम राजमार्गको पश्चिमतर्फ थानीमाई मन्दिर देखि नेपाल आयल निगम डिपो सम्मका २०० मिटर सम्मका क्षेत्र र पूर्वमा राजमार्गसँग जोडिएको १०० मिटर सम्म क्षेत्र,

(ख) जीतपुर-सिमरा खण्ड : पथलैया वीरगञ्ज सडक खण्डको सिमरा स्थित पूर्वतर्फ हुलास स्टिल ईण्डस्ट्रिजदेखि जितपुर जाने बाटोमा पर्ने ललका खोलासम्मको (खोलाकोदुवै तर्फ २०० मिटर बाहेकको क्षेत्र) पूर्वतर्फ १ किलो मिटर र पश्चिम तर्फ ८०० मिटर सम्मका क्षेत्र र जितपुर क्षेत्रमा पर्ने मूल सडकको दाँयाबाँया ८०० मिटरसम्मका क्षेत्र ।

(१९.२) कलैया उप महानगरपालिका :

(क) नगरपालिकाका वडा नं १,२,३,४,५,६ का क्षेत्र ।

(ख) वडा न. ९ र १४ अन्तर्गत भरतचोक (घण्टाघर) बाट महागढीमाई जाने राजमार्गको दाँयाबाँया ३०० मिटर सम्मको क्षेत्र ।

(१९.३) निजगढ नगरपालिका :

(क) बकैया खोला र भवरा खोलाबीचको भागमा दुवै तर्फ ३०० मिटर छोडी बाटोको दक्षिणतर्फ ७०० मिटर (प्रकाश बस्ती मार्गसम्म) र बाटोको उत्तर तर्फ १ किलो मिटरसम्मका क्षेत्र,

(ख) ईलाका प्रहरी कार्यालयबाट सरस्वती प्रा.वि.जाने पिच बाटोको १.५ किलो मिटरभित्र मुल सडकसँग जोडिएको दाँयाबाँयाका क्षेत्र,

(ग) शहिदचोकदेखि उत्तरतर्फ जाने मुल सडकदेखि गौरीशंकर स्कूल हुंदै श्रीकृष्ण प्रणामी मन्दिरसम्मको दायाँबाँया ५०० मिटर सम्मका क्षेत्र ।

(१९.४) परवानीपुर गाउँपालिका :

(क) गाउँपालिकाका लपनीमाल वडा नं ३,४ र बहुअरी वडा नं ५ को परवानीपुर-वीरगन्ज सडकको दायाँबायाँ ५०० मिटर सम्मका क्षेत्र ।

(१९.५) कोल्हवी नगरपालिका :

(क) पूर्वपश्चिम राजमार्गबाट दक्षिण कोल्हवी बजार जाने मूल सडकमा पर्ने बगेवा देखि विकास चोक हुँदै दक्षिण पुरानो बझनी, बटौलिया चोकमा रहेको ईलाका स्वास्थ्य चौकी सम्मको मूल सडकको दायाँबायाँ ५०० मिटर सम्मको क्षेत्र, कोल्हवी बजारबाट खैराकट्टा जाने बाटोमा पूर्वतर्फको पहिलो कल्भर्टसम्म जोडिएका क्षेत्र,

(१९.६) बारा जिल्ला कलैया नगरपालिकाबाट वीरगञ्ज तर्फ जाने मूल मार्ग हुदै वीरगञ्ज कलैया चोकसम्ममा पर्ने सडकको दाँया बाँया ५०० मीटरका क्षेत्र ।

(१९.७) सिम्रौनगढ नगरपालिका :

(क) नेपाल विद्युत प्राधिकरणको कार्यालय रहेको चोकदेखी (कंकाली मन्दिर हुँदै वडा नं. ७ को वडा कार्यालय रहेको बाटोबाट) रानिवास मन्दिर रहेको चोकसम्म मूल सडकको दायाँबायाँ ३०० मिटर सम्मको क्षेत्र ।

(ख) कंकाली मन्दिर चोकबाट मालपोत कार्यालयसम्म मूल सडकको दायाँबायाँ ८०० मिटर सम्मको क्षेत्र ।

**(२०) पर्सा जिल्ला**

(२०.१) बिरगंज महानगरपालिका :

(क) महानगरपालिकाका वडा नं १, २, १६, १७ र १९ को अन्तराष्ट्रिय सिमानाबाट १ किलो मिटर दुरी घटाई अन्य क्षेत्र,

(ख) महानगरपालिकाका वडा नं ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १८, २०, २१, २२, २४, २६ र ३२ का क्षेत्र ।